अनुसूची-२

दफा ४ तथा अनुसूची-१ को भाग-२ संग सम्बन्धित

# फाकफोकथुम गाउंपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः २ मितिः २०७५।११।२

भाग-२

फाकफोकथुम गाउं कार्यपालिकाले मिति २०७५ फाल्गुण २ गते देहायका कार्यबिधि स्वीकृत गरेकोले सबैको जानकारीको लागि प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

## स्थानीय विकास कोष स्थापना र संचालन कार्यबिधी २०७५

प्रस्तावनाः

फाकफोकथुम गाउँपालिका क्षेत्र भित्रका आर्थिक तथा सामाजिक रुपले पछि परेका समुदायको आर्थिक, सामाजिक तथा संस्थागत पक्षलाई सामाजिक परिचालनको माध्यमबाट शसक्त बनाउंदै विकासको मुल प्रवाहमा ल्याई प्राप्त प्रतिफलको न्यायोचित वितरण गर्न सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकोले फाकफोकथुम गाँउ कार्यपालिकाको मिति २०७५।११।०२ मा बसेको बैठकले फाकफोकथुम गाउंपालिकाको प्रशासकीय कार्यबिधि (नियमित) गर्ने ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यबिधि स्वीकृत गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम तथा प्रारम्भः**

१. यो कार्यबिधीको नाम स्थानीय विकास कोष स्थापना र सञ्चालन कार्यविधी २०७५ रहेको छ ।

२. यो कार्यबिधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखी लागू हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा ,

क. ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्छ ।

ख. कार्यविधी भन्नाले स्थानीय विकास कोष स्थापना र सञ्चालन कार्यविधी २०७५ सम्झनु पर्छ ।

ग. आर्थिक नियमावली भन्नाले स्थानीय सरकार सम्वद्ध प्रचलित आर्थिक नियमावली सम्झनु पर्छ ।

घ. गाउँसभा भन्नाले नेपालको संविधानको धारा २२२को उपधारा (१) बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

ङ. कार्यपालिका भन्नाले फाकफोकथुम गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

च. कोष भन्नाले कार्यविधिको नियम ३ वमोजिम स्थापना र सञ्चालन हुने स्थानीय विकास कोष सम्झनु पर्छ ।

छ. अध्यक्ष भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

ज. उपाध्यक्ष भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

झ. प्रमुख प्रशासकिय अधिकृत भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ बमोजिमको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

ञ. सचिव भन्नाले स्थानीय विकास कोषको सचिवालयमा रहि प्रशासनिक कामकाज गर्न गाउं कार्यपालिकाले तोकेको कर्मचारी सम्झनु पर्छ ।

ट. सामाजिक शसक्तिकरण भन्नाले संगठन, वचत, शिप र जनचेतनाको माध्यमद्धारा सामुदायिक संस्था वा सहकारीमा आवद्ध समुदायका सदस्यहरुलाई आफू र आफ्नो क्षेत्रको निमित्त आर्थिक, सामाजिक र संस्थागत क्षेत्रमा सशक्त रुपमा सहभागी गराई जनचेतनाको विकास गराउंदै समग्र रुपमा जिवन स्तर उकास्न संचालन गरिने योजना तथा कार्यक्रम सम्झनु पर्छ ।

ट. सामुदायिक संस्था भन्नाले वस्ती स्तरमा गठित सामुदायिक संस्था सम्झनु पर्छ ।

ठ. सहकारी संस्था भन्नाले फाकफोकथुम गाउँपालिका भित्र कार्यक्षेत्र राखी प्रचलिन कानून वमोजिम दर्ता भएका सहकारी संघ/संस्थालाई सम्झनु पर्छ ।

**३. कोषको स्थापना र सञ्चालन**

(१) स्थानीय विकास कोषको नामवाट गाउँपालिकामा एक कोष रहनेछ ।

(२) उपदफा (१) वमोजिम स्थापना भएको कोषमा देहाय वमोजिमको रकम हुनेछन् ।

(क) सामाजिक शसक्तीकण कार्यक्रम, सहकारी कार्यक्रम तथा अन्य विशेष कार्यक्रम सञ्चालन गर्न संघीय सरकारवाट प्राप्त अनुदान रकम ।

(ख) प्रदेश सरकारको अनुदान, जिल्ला समन्वय समिति, विदेशी मित्र राष्ट्र , द्धिपक्षीय दातृ

संस्था , अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्था, गैह्र सरकारी संस्था तथा व्यक्तिगत रुपमा उक्त कोषलाई कानून बमोजिम प्राप्त हुने अनुदान रकम ।

(ग) उक्त कोषमा रहने गरी गाउंपालिकाद्धारा विनियोजित रकम ।

(घ) कोषले आफ्नो रकम र चलअचल सम्पती लगानी गरे वापत प्राप्त व्याज, हर्जना, सेवा शुल्कको रकम ।

(ङ) कोषले वैंक तथा वित्तीय संस्थावाट लिएको ऋण तथा सापटी रकम ।

(च) सहकारी संस्थाले लगानीको रुपमा जम्मा गर्न ल्याएको रकम ।

(छ) अन्य श्रोतवाट प्राप्त रकम ।

(ज) गाउं सभाको निर्णय बमोजिम जम्मा हुने बार्षिक ७ लाख ।

(३) समितीले कोषको रकम गाउँपालिका स्थित कुनै वैंकमा खाता खोली राख्नेछ ।

(४) कोषको खाता समितीको सचिव र समितीले तोकेको व्यक्तिको संयुक्त दस्तखतवाट सञ्चालन हुनेछ ।

(५) कोषको वडा स्तरमा उपसमिती हुनेछ ।

(६) कोषको काम कार्वाहीको लागि एउटा छुट्टै छाप हुनेछ ।

(७) कोषको सचिवालय गाउँपालिकाको सदरमुकाममा रहनेछ ।

(८) सामाजिक शसक्तिकरण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्चहरु संघीय सरकार, प्रदेश सरकार, गाउँपालिका तथा दातृ निकायको अनुदान वा कार्यक्रम रकमवाट व्यहोरिनेछ तर अनुदान रकम प्राप्त हुन नसकेमा सामाजिक शसक्तिकरण कार्यक्रम सञ्चालन सम्वन्धी खर्च कोषको ऋण पूँजी सञ्चालनवाट प्राप्त व्याज, गाउँपालिकावाट प्राप्त अनुदान रकम तथा अन्य कुनै संघ/संस्था उपलव्ध श्रोतवाट व्यहोरिनेछ ।

(९) नेपाल सरकारले गरिवी न्यूनिकरणका लागि यस कोष मार्फत शर्त सहित/शर्त रहित र प्राथामिकता क्षेत्र भित्र माग अनुसार सञ्चालन हुने कार्यक्रमका लागि रकम उपलव्ध गराउन सक्नेछ ।

**४. सञ्चालक समितीको गठनः**

(१) कोषको सञ्चालन र व्यवस्थापनको लागि देहाय वमोजिमको सदस्य रहेको एक सञ्चालक समिती गठन हुनेछ ।

क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

ख) गाउँपालिकाको उपाध्यक्ष - उपाध्यक्ष

ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

घ) गाउँ कार्यपालिकाले मनोनित गरेको एक जना वडाध्यक्ष - सदस्य

ङ) गाउँपालिकाद्धरा मनोनित एकजना महिला सदस्य - सदस्य

च) गाउँपालिकाको कृषि क्षेत्र हेर्ने इकाई प्रमुख - सदस्य

छ) गाउँपालिकाको पशु क्षेत्र हेर्ने इकाई प्रमुख - सदस्य

ज) गाउँपालिकाले मनोनित गरेको सहकारी संस्थाका अध्यक्षहरु मध्येवाट एक जना - सदस्य

झ) गाउँपालिकाको महिला, बालबालिका तथा जेष्ठ नागरिक इकाई प्रमुख - सदस्य

ञ) गरिवी निवारण कार्यक्रममा अनुभव प्राप्त समाजसेवी, वुद्धिजिवी मध्ये समितीले मनोनित गरेको महिला प्रतिनिधी एक जना सहित दुईजना - सदस्य ।

(२) उक्त समितिको सचिवको रुपमा स्थानीय विकास कोषको सचिवले काम गर्नेछ ।

(३) स्थानीय विकास कोष मार्फत कुनै सरकारी वा गैह्र सरकारी संस्थाले कार्यक्रम सञ्चालन गर्न इच्छा देखाई मञ्जुर भएमा उक्त कार्यक्रमको प्रतिनिधीलाई आमन्त्रित सदस्यको रुपमा समावेश गर्न सकिने छ ।

(४) राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाको गाउँपालिका वा जिल्ला स्थित प्रतिनिधीलाई आमन्त्रित सदस्यको रुपमा समावेश गर्न सकिने छ ।

(५) कोष सञ्चालक समितीको निर्णय कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक सहयोग गर्ने छ ।

**५. समितीका सदस्यको पदावधीः**

(१) दफा ४ को उपदफा १ वमोजिमको समितिका मनोनित सदस्यहरुको पदावधी दुई वर्षको हुने छ तर निजहरुलाई समितीले पुनः नियुक्त गर्न सक्नेछ ।

(२) समितीका सदस्यले स्वेच्छाले लिखीत समिति समक्ष राजिनामा दिन सक्नेछन् । उक्त राजीनामा समितीले स्विकृत गरेको मिती देखी लागू हुनेछ । सदस्यहरु आफू प्रतिनिधित्व गरेका संस्थामा नरहेमा निजको सदस्यता स्वत खारेज हुने छ ।

**६. समितीको वैठक र वैठक भत्ताः**

क. समितीको वैठक तीन महिनामा कम्तिमा एक पटक वस्नेछ ।

ख. समितिको वैठक सचिवालयमा अध्यक्षले तोकेको मितीमा वस्नेछ ।

ग. समितीको वैठक अध्यक्षले सचिव मार्फत वोलाउनेछ ।

घ. चार महिना भन्दा वढी समय सम्म वैठक नवोलाएको खण्डमा समितिका एक तिहाई सदस्यहरुले वैठक वोलाउन लिखित निवेदन पेश गरेमा सचिवले समेत वैठक वोलाउन सक्नेछ ।

ङ. आवश्यकता अनुसार थप वैठक समेत अध्यक्षले वोलाउन सक्नेछ ।

च. समितिको निर्णय समितिको वहुमतवाट पारीत हुनेछ ।

छ. समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । अध्यक्ष अनुपस्थितीमा अध्यक्षता उपाध्यक्षले गर्नेछ ।

ज. समितिले कुनै व्यक्ति, पदाधिकारी वा विज्ञलाई वैठकमा आमन्त्रित गर्न सक्नेछ तर त्यस्ता व्यक्ति वा पदाधिकारीले मतदान गर्न पाउने छैन ।

झ. समितिको वैठकमा भाग लिए वापत समितिका सदस्यले गाउँ सभाका सदस्यले पाए सरह वैठक भत्ता पाउनेन् ।

ञ. कोषका पदाधिकारीहरु व्यक्तिगत तथा सामुहिक रुपमा गाउँ कार्यपालिका प्रति जवाफदेही हुनेछन् ।

**७. कार्यकारिणी समितीः**

स्थानीय विकास कोष सञ्चालक समितिले गरेको निर्णय कार्यान्वयन गर्न एक कार्यकारिणी समिती हुनेछ ।

१. संचालक समितीको अध्यक्ष - अध्यक्ष

२. संचालक समितिको उपाध्यक्ष - सदस्य

२. प्रमुख प्रशासकिय अधिकृत - सदस्य

३. वडाध्यक्ष मध्ये समितिले छानेको एकजना वडाध्यक्ष - सदस्य

४. समितिले छानेको गाउं सभाको महिला सदस्य - सदस्य

५. स्थानीय विकास कोषको सचिव - सदस्य सचिव

**८. कार्यकारिणी समितिको काम कर्तव्य र अधिकार एवं अन्य व्यस्था**

१. समितिको वैठक महिनामा कम्तिमा एक पटक वस्नेछ । अध्यक्षको आदेशमा सदस्य सचिवले वैठकको बोलाउनेछ ।

२. स्थानीय विकास कोष सञ्चालन समितिले गरेको निर्णय कार्यानवयन गर्ने गराउने ।

३. समिति सदस्यहरुको पदावधि, सेवा र सुविधा स्थानीय विकास कोष संचालक समितिका पदाधिकारी र सदस्यको सरह हुनेछ ।

**९. कोषको कार्य देहाय वमोजिम हुने छ ।**

१. प्रत्येक वडामा एउटा वडा स्तरीय सहकारी गठन गर्ने वा पूराना सहकारीहरु मध्ये कुनै एउटालाई नै छनौट गर्न सक्ने छ । तर त्यस्तो सहकारी स्वच्छ छवी भएको, संस्थाले गर्ने काम र प्रतिवेदन नियमित रुपमा गरेको हुनु पर्नेछ । साथै वडाको सवै भूगोल समेटेको हुनु पर्नेछ ।

२. पुराना सहकारीको छनौट सम्भव भए सम्म वडा स्तर वाटै सर्वसम्तीले गर्नुपर्नेछ तर सहमती हुन

नसेकेमा स्थानीय विकास कोष संचालक समितिले छनौट गर्नेछ ।

3. त्यस प्रकार छानिएका सहकारी मार्फत स्थानीय समुदायलाई विभिन्न किसिमका क्षमता विकासका तालिमहरु दिन साथै आयआर्जनको क्षेत्रमा सहयोग पुर्याउन स्थानीय विकास कोष संचालक समितिले परिपक्वताको आधारमा सहकारीहरुलाई ऋण प्रदान गर्न सक्नेछ ।
4. सहकारी संस्थाहरुलाई ऋण उपलव्ध गराउँदा सस्तो व्याजदरमा उपलव्ध गराउनु पर्नेछ ।
5. गाउँपालिका क्षेत्रिभित्रका समुदायका मानिसहरुको छाना, माना, नाना र वानामा परिवर्तन ल्याई जिवनस्तर सुधार गर्न क्षमता विकास ,संस्थागत विकास, तथा मानवीय विकासका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।
6. कोषको लगानीवाट प्राप्त व्याजवाट मूलकोषमा रकम वृद्धि गर्दै लगिनेछ तर सञ्चालक समितिको निर्णयले प्राप्त व्याजवाट कोषमा कार्यरत कर्मचारीको सेवा सुविधा लगायत कोषको अन्य शिर्षकमा खर्च गर्न समेत सकिनेछ ।

**10. कर्मचारी सम्वन्धी व्यवस्थाः**

स्थानीय विकास कोष सञ्चालनको लागि गाउँपालिकाले तोकको कुनै एकजना कर्मचारीले सचिवको रुपमा काम गर्नेछ । यसरी तोकिएको कर्मचारीले कोषको दैनिक प्रशासनीक कामकाज समेत गर्नेछ । साथै कोषमा काम गर्न गाउँपालिकाले आवश्यकता अनुसार अन्य थप कर्मचारीहरु समेत खटाउन सक्नेछ ।

**११.** यो कार्यबिधीको कार्यान्वयनमा कुनै प्रकारको कानूनी जटिलता देखिन आएमा गाउँ कार्यपालिकाले यसको वाधा अड्काउ फुकाउन सक्ने छ ।

आज्ञाले,

डिल्लीराम सुवेदी

प्रमुख प्रशासकीय अधिकृत